

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

❑ वर्ष २४ ❑ अङ्क १८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन १ गते सोमबार ❑ 17 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५


## ग्रामीण पर्यटनको प्रचार प्रसारमा पदयात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार

लामवद्ध मान्छेको हुल । सोहि हुल गाउँ र बजार बस्तीमा पुग्दा स्थानियले अचम्मै मानेर हुललाई नियाल्थे । त्यो हुल भने आफ्नै रफ्तारमा अगाडी बढीरहेका हुन्थे ।

झट्ट हेर्दा कसैको जन्ती हिडेको भान हुन्थ्यो । त्यो लामबद्ध हुलमा भने सबैले आआफ्ना अनुभव,हाँसोठट्टा,एकअर्कालाई सल्लाह सुझाव,व्यवसाय,देशको अवस्थादेखि लिएर अन्तराष्ट्रिय चासोका बारेमा आफुलाई भुलाउदै पाईला भने गन्तव्य भेटाउन अगाडी बढिरहन्थे । हुलमा थिए ६८ वर्षका सुशिला रानाभाट । पुरानो पहिरनमा काँधमा साडी,साईट व्याक झुन्डिएको थियो उनको । व्याक भित्र केहि पानीका वोत्तल,केहि लत्ताकपडा र केहि खानेकुरा थिए । "म त स्वास्थ्यको लागि हिड्नुपर्छ निरोगी भईन्छ भनेर यो टोलीसंग हिडेको त कत्ति भैसक्यो," रानाभाटले भनिन्,"अरुबेला आफ्नो काममा व्यस्त भएपनि ज्यानलाई रोग लाग्न बाट बचाउन त हिड्नै पर्ने रहेछ । साथीभाईसंग भेटघाट भएर रमाईलो पनि हुने । हामी त पुराना मान्छे अहिलेका पुस्ताले गाउँघरलाई कसरी विकास गरेका रहेछन भनेर आफै पुगेर हेर्न पनि पाईने ।" स्वास्थ्य र पर्यटनका लागि पदयात्रा गर्ने उद्धेश्यले पोखरामा केहि सिमित व्यक्तिहरुको पहलमा सञ्चालन गरिएको नेपाल हाईकर्स क्लवको ३६ औ पदयात्राको शृङखलामा रानाभाट सहभागी भएकी हुन् । रोयल ट्रेक क्षेत्रको पचभैयाँ-रुपाताल हुँदै



हात्तीमैतासम्म सोही शृङखलामा ६८ वर्षका रानाभाटसंगै ३ वर्षकी अमेरिकन बालिका लगाएत चाईना,तान्जेनिया,अमेरिकाका गरि करिव ५० जनाभन्दा बढीले सहभागीता जनाएका थिए । गण्डकी प्रदेश आफैमा एउटा पर्यटकीय प्रदेश हो । साथै पर्यटकलाई आकर्षण गर्नका लागि विभिन्न संरचनाहरु निर्माण गरिएका छन र केहि बनिरहेका छन् । सरकारले देशका हरेक गाउँलाई घरबास कार्यक्रम मार्फत ग्रामिण पर्यटनसंग जोड्ने परिकल्पना गरेसंगै अहिले प्रदेश भित्रका विभिन्न गाउँहरु घरबासमा परिणत भएका छन् ।

त्यहि घरबासहरुलाईलाई प्रचारप्रसार गर्दै साथ दिनुका साथै व्यस्त जीवनशैलीलाई प्रकृतिसंग आत्मसात गर्दै स्वास्थ्यको लागि हाईकर्स क्लवले पदयात्रा गर्दै आएको क्लवका संयोजक कृष्ण रानाभाटले जानकारी दिए । उनका अनुसार पोखरादेखि रुपातालसम्म बस यात्रा गरि त्यहाँबाट ऐतिहासिक महत्त्वको रोयल ट्रेकको महत्त्वलाई उजागर गर्ने लक्ष्यका साथ पचभैयाँ-रुपाताल हुँदै हात्तीमैतासम्म करिव २ घण्टाको पैदल यात्रा गरिएको हो । सोही क्रममा पदयात्रीले पोखरा महानगरपालिका वडा नं। ३१ पचभैयाँ स्थित प्राणी उद्यन केन्द्र९चिडियाखाना०को पनि निरिक्षण गरिएको छ । करिव १० वर्ष अगाडीदेखि सुरु गरिएको केन्द्रको बारेमा जानकारी दिदै प्राणी उद्यन केन्द्रका अध्यक्ष दिनानाथ ढकालले सामुदायिक वनलाई घाँस दाउराको परम्परागत दृष्टिकोणलाई परिमार्जन गरि यसलाई थप विकास र संरक्षणमा नयाँ योजना ल्याइएको बताए । उनले रुपाताल र बेगनासतालको विचमा पर्ने पचभैयाँ सामुदायिक वनमा विभिन्न प्रकारका जीवजन्तु पाईने भएकोले यसलाई थप पर्यटनसंग जोड्न उद्यनकेन्द्र स्थापना गरिएको बताए । केन्द्रमा अध्ययन अवलोकनका वन विरालो,बाँदर,चितुवा,गोमन सर्प लगाएत विभिन्न जीवजन्तु राखिएका छन् । केन्द्रको अवलोकनपछि टोलीले रुपाकोट रिसोर्टको पनि अवलोकन गरेको थियो । त्यपछिरुपागाउँपालिकाको वडा नं। ६ हात्तीमैता भ्युटावरका लागि पैदल यात्रा सुरु गरेका थिए ।

### हात्तीमैता भ्युटावर

'रुपै राम्रो रुपातालको माथी भिरचोक गाउँ' विम्वकवि रमेश क्षेष्ठको रचना र रजनी राईको मिठो आवाजमा सजिएको यो गीत निकै प्रसिद्ध छ । गीतमा भनिएजस्तै हात्तीमैताको टावरबाट देखिने भिरचोक गाउँ,लेखनाथको सातवटै ताल, माछापुछ्रे,धवलागिरि, अन्नपूर्ण,लमजुङका हिमशृङ्खलाहरु,पोखरा र लेखनाथको पुरै भ्याली र स्याङजा,लम्जुङ र नवलपरासी तिन जिल्लाका भिमकाया पहाडहरुको त्यो मनोरम दृष्यका बारेमा बयान गर्न शब्द नै हुदैन् ।

प्रकृतिले दिएको यहि अनुपम उपहारलाई पर्यटनसंग जोडेर स्थानियको आयआर्जन उकास्न यहाँका स्थानिय युवा क्लव र स्थानिय सरकारले भरपुर अभ्यास गरेका छन् ।शनिबार हात्तीमैता भ्युटावरलाई मुख्य गन्तव्य बनाएर त्यहाँ पुगेका हाईकर्स टोलीलाई स्वागत गर्न स्वयम गाउँपालिकाका अध्यक्ष नवराज ओझा र स्थानिय धुव्रतारा युवा क्लवका अध्यक्ष त्रिविक्रम केसी विचबाटोमै आई पुगेका थिए ।

साथै हात्तीमैता भ्यूटावर रेष्टुरेन्ट एन्ड होमस्टे सञ्चालनमा ल्याइएकाका छन । होमस्टेमा बस्न चाहनेहरुका लागि पनि राम्रो प्रवन्ध रहेको छ । समुद्री सतहबाट एक हजार तीन सय ५० मिटर उचाइ रहेको हात्तीमत्ता भ्यूटावर रहेको स्थानमा टेन्टमा प्रत्येक रात १५ जनासम्म बस्न सक्ने व्यवस्था मिलाइएको र होमस्टेमा अरु १५ बस्न सक्ने व्यवस्था छ ।

"पदयात्राका लागि आउने पर्यटकलाई गाइडको व्यवस्थासँगै विभिन्न तालिम तथा सेमिनारका लागि हलको पनि व्यवस्था गरेका छौं", अध्यक्ष केसीले भने, "वनभोजका लागि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## समाजवादी मोर्चा सातै प्रदेशमा विस्तार गरिने

**रासस**
काठमाडौं, ३१ असार

चार राजनीतिक दल मिलेर बनेको समाजवादी मोर्चालाई व्यवस्थित गर्न कार्यविधि पास भएको छ । मोर्चाको बैठकले मोर्चाको सञ्चालनलाई व्यवस्थित गर्न कार्यविधि तयार पारेको हो ।

त्यसैगरी सो मोर्चाले आफ्नो सङ्गठन सातै प्रदेशका ७७ जिल्लामा विस्तार गर्ने योजना बनाएको नेकपा (एकीकृत समाजवादी) का उपाध्यक्ष राजेन्द्र पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार केन्द्रमा चारवटै पार्टीबाट बढीमा पाँच/पाँच जनासम्म र प्रदेशमा तीन/तीन तथा जिल्लामा दई/दुई जना चारवटैपार्टीबाटसमेटिनेगरीमोर्चा बनाइनेछ । यसैगरी समाजवादी मोर्चाले आगामी साउन १२ देखि २२ गतेसम्म संयुक्त कार्यक्रम गर्ने भएको पनि उपाध्यक्ष पाण्डेले बताउनुभयो । उहाँले भन्नुभयो, "मोर्चाको नेतृत्व चार/चार महिनामा परिवर्तन हुनेछ, साउन १२ गतेदेखि २२ गतेसम्म संयुक्त कार्यक्रम गर्नेछौं ।" हालै गठन भएको सो मोर्चाको नेतृत्व हाल नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले गर्दै आउनु भएको छ ।

## सामाजिक न्यायका लागि १६ जिल्लामा शान्ति समाजको प्रदर्शन

**रासस**
काठमाडौं, ३१ असार

देशका विभिन्न भागमा दलित समुदायमाथि भइरहेको उत्पीडन र अत्याचारविरुद्ध मानव अधिकार तथा शान्ति समाजको आयोजनामा १६ जिल्लामा प्रदर्शन गरिएको छ ।

छुवाछूत मानवताविरुद्ध अपराध हो भन्दै २०८० असार २३ गतेदेखि आजसम्म शान्ति समाजका जिल्ला शाखाको आयोजनामा सुर्खेत, चितवन, सङ्खुवासभा, नवलपुर, पाल्पा, दाङ, सुनसरी, बाँके, गोरखा, रुपन्देही, काठमाडौं, तेह्रथुम, कैलाली, नुवाकोट, मोरङ र कास्की गरी १६ जिल्लामा प्रदर्शन गरिएको हो । 'प्रदर्शनमा दलित समुदायमाथि भइरहेको उत्पीडन बन्द गर', 'दलित समुदायमाथि भइरहेको अत्याचार बन्द गर', 'जातीय विभेदका घटनामा दोषीलाई कारबाही गर', 'हाम्रो आन्दोलन : सामाजिक न्यायका लागि' र 'दण्डहीनता अन्त्य गर' लेखिएका प्लेकार्ड प्रदर्शन गरिएको थियो । विभिन्न कालखण्डमा राजनीतिक परिवर्तन र कानुनी व्यवस्था गरिए पनि छुवाछुत र जातीय भेदभावजस्ता मानवताविरुद्धको अपराधका घटना बारम्बार भइरहेको र त्यस्ता घटनामा संलग्न दोषीलाई राजनीतिक एवं सामाजिक संरक्षण प्राप्त भएकाले दण्डहीनता बढेको शान्ति समाजको ठहर छ ।

"दलित अधिकार मानव अधिकार" भन्दै सामाजिक न्यायका लागि विगत २७ वर्षदेखि अभियानरत दण्डहीनताविरुद्ध अभियान जारी राखिने शान्ति समाजका सभापति रामकृष्ण बरालले बताउनुभयो ।

## ललिता निवास घटना अनुसन्धान गर्न पाँच दिन म्याद थप

**रासस**
काठमाडौं, ३१ असार

ललिता निवासको जग्गा हिनामिना भएको घटनामा पक्राउ परेका १७ जनामाथि अनुसन्धान गर्न प्रहरीले थप पाँच दिनको म्याद पाएको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले आरोपीलाई आइतबार काठमाडौं जिल्ला अदालतमा पेश गरेकोमा अदालतले थप अनुसन्धानका लागि पाँच दिनको म्याद दिएको सिआइबीका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यले जानकारी दिनुभयो । उक्त घटनामा प्रहरीले सञ्चार मन्त्रालयका सचिव कृष्णबहादुर राउत, भाटभटेनीसुपरमार्केटकासञ्चालक मीनबहादुर गुरुङ, निर्वाचन आयोगका पूर्वआयुक्त सुधीर कुमार शाह, पूर्वसरकारी कर्मचार ीसहित १७ जनालाई पक्राउ गरेको छ । उनीहरू विरुद्ध मुलुकी ऐन, २०२० को किर्तेसम्बन्धी कसुर र सङ्गठित अपराध कसुरमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विदेशमा सिकेको सीपले स्वदेशमा स्वरोजगार

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार

जागिरको खोजीमा दैनिक हजारौं युवाहरु विदेशी भूमिमा पुग्छन् । स्वदेशमा भने जस्तो जागिर नपाउँदा श्रमको खोजीमा विदेशी भूमिमा जानु बाध्यता नै हो । तर यहाँका एक युवा भने विदेशमा सिकेको सीप सदुपयोग गर्दै स्वरोजगार बनेका छन् ।


पोखरा महानगरपालिका-१५ वन क्याम्पस लेन नं. ११ का ४२ वर्षे कमलबहादुर बोहोराले अष्ट्रेलियामा सिकेको मूर्तिकला प्रयोगमा ल्याउँदै आफू मात्र रोजगार नभई अरुलाई पनि रोजगारी दिएका छन् ।

भारतीय सेनामा १७ वर्ष काम गरी निवृत्त भएसँगै उहाँ जागिरको सिलसिलामा अष्ट्रेलिया पुग्नुभयो । उहाँले त्यहाँ रहँदा मूर्तिकारको सहयोगीका रुपमा काम गर्नुभयो । "अष्ट्रेलियामा मूर्तीकारले होटल तथा घरमा सौन्दर्यकरणका लागि पानीका झरना सहितका चरनमा रहेका



जंगली जनावर र मागअनुसार मूर्ती बनाउनुहुन्थ्यो", उहाँले भन्नुभयो, "सहयोगी भएर ६ महिना काम गरेपछि यस्तो काम त म नेपालमा गएर पनि गर्न सक्दछु भन्ने दृढ इच्छा शक्तिका साथ स्वदेश फर्किए ।"

उहाँ अष्ट्रेलियामा काम गर्दा मासिक रु दुई लाख आम्दानी गर्नुहुन्थ्यो । पछि त्यहाँ सिकेको सीपले पोखरामै व्यवसाय गर्न सकिन्छ भन्ने लागेर उहाँ स्वदेशी फर्कनुभयो । छ वर्ष अघि स्वदेश फर्कनु भएका उहाँले हामी मासिक रु ७० हजारभन्दा बढी आम्दानी गरिरहनुभएको छ भने तीन जनालाई जागिर पनि दिनुभएको छ । होटल, घर, विद्यालय लगायतका लागि काम गर्ने भन्दै उहाँले भन्नुभयो, "पानीको झरना, आसपासमा बच्चा सहितको मृग र ग्राहकको इच्छा अनुसारको देवदेवताको मूर्ती निर्माण गर्दा सामग्री बाहेक रु १२ हजार ज्याला लिन्छु ।" आर्टसमा समेत रुचि राख्ने उहाँले घरको सिलिङ र विद्यालय सौन्दर्यकरणमा समेत काम गर्ने बताउनुभयो । उहाँसँग हाल ढाकाराम अधिकारीका साथै बर्दियाका समित थारु र विजय थारुले काम गरिरहनुभएको छ । उहाँहरुले मासिक रु १७ हजारका दरले पारिश्रमिक पाउनुहुन्छ । "मेरोमा काम नभएको समयमा उहाँहरु अन्यत्र काम गर्न जानुहुन्छ", उहाँले भन्नुभयो । पोखरा महानगरपालिका वडा नं. १७ सिताको पाइलास्थित ऐतिहासिक धार्मिक क्षेत्र सदाशिव हरिहर मन्दिर परिसरमा १०८ शिवलिङ्ग र १०८ गौमुखे धारा निर्माण गर्दै गर्नुभएका मूर्तिकार बोहोरा स्वदेशमा केही गर्छ भन्ने सोच राख्ने हो भने विदेश जानु नपर्ने बताउनुहुन्छ । "एक जोडि शिबलिङ्ग र गौमुखे धारा निर्माण गरेको रु छ हजार पाँच सयका दरले रु सात लाख दुई हजार लिने गरी मन्दिर व्यवस्थापन समितिसँग सम्झौता भएको छ", उहाँले भन्नुभयो । शिवलिङ्ग र पानी झर्ने झरनासहितको गौमुखे धाराले प्रसिद्ध धार्मिक क्षेत्र मुक्तिनाथको झझल्को दिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र भण्डारीले जानकारी दिनुभयो ।

# ‘रोयल ट्रेक’लाई प्रवर्द्धन गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार

गण्डकी प्रदेशभित्रका विभिन्न पदमार्गमध्येको एक हो ‘रोयल ट्रेक’। तत्कालीन बेलायती राजकुमार चार्ल्सले विसं २०३९ मा पदयात्रा गरेको यो पदमार्गसँगै प्रदेशमा विश्वकै १० उत्कृष्ट पदमार्गमध्येको अन्नपूर्ण चक्रीय पदमार्गदेखि धवलागिरि, मर्दी, सहस्राब्दी आदि चर्चित पदमार्ग छन्।

तत्कालीन समयमा युवराज चार्ल्सले विजयपुरस्थित चाँपको चौरबाट पदयात्रा थाल्नुभएको थियो । उहाँ पहिलो दिन विजयपुरमाथिको चिन्तेको डाँडामा पुगी रात बिताउनुभएको जनाइएको छ। दोस्रो दिन उहाँले कालिका, सौरे, लिपयानी, राम्चे, हुँदै स्याक्लुङको डाँडामा पुगी दोस्रो रात बिताउनुभएको थियो । तेस्रो दिन रुपाकोटको चिसापानीमा बास बसेका चार्ल्स बेगनास तालको जङ्गलमा चौथो रात बिताएर काठमाडौँ फर्कनुभएको उल्लेख छ। युवराज चार्ल्सले पदयात्रा गरेको ‘रोयल ट्रेक’को गरिमा र महत्त्वलाई जोगाउनका लागि यसको प्रवर्द्धन र विकासलाई कास्कीको रुपा गाउँपालिकाले प्राथमिकतामा राखेको छ । पछिल्ला समयमा यसको प्रवर्द्धनमा पर्यटनसम्बद्ध सङ्घसंस्थाले पनि जोड दिँदै आएका छन्।

हाइकिङका माध्यमबाट पोखरा आसपासका पर्यटकीय गन्तव्य, घरबास आदिको प्रवर्द्धन गर्दै आएको हाइकर्स क्लब नेपालले आफ्नो हाइकिङको ३६औँ शृङ्खला रोयल ट्रेक क्षेत्रको पचभैयाँ-रुपाताल हुँदै हात्तीमैतासम्म सम्पन्न गरेको संयोजक कृष्ण रानाभाटले जानकारी दिनुभयो । संरक्षण र प्रवर्द्धनको अभावमा पदमार्गहरू हराउँदै गएको वास्तविकतामा ऐतिहासिक महत्त्वको रोयल ट्रेकको महत्त्वलाई उजागर गर्ने लक्ष्यका साथ हामीले हाइकिङ सम्पन्न गरेको हौँ। विगत तीन वर्षदेखि क्लबले प्रत्येक महिनाको अन्तिम शनिबार हाइकिङ सञ्चालन गर्दै आएको उहाँले जानकारी गराउनुभयो । पोखरामा रही विभिन्न सेवा, पेशा र व्यवसायमा आबद्ध ५० जनाभन्दा बढी व्यक्ति हाइकिङमा सहभागी भएको बताउँदै उहाँले यसबाट रोयल ट्रेक र यसको महत्त्व सम्बन्धमा सचेतना जगाएको उल्लेख गर्नुभयो । पचभैयाबाट सुरु गरिएको हाइकिङ रुपाताल, झोलुङ्गेपुल, भङ्गरा, जमनकुना, रुपाकोट रिसोर्ट हुँदै हात्तीमैता भ्यूटावरमा पुगी सम्पन्न भएको थियो । रुपा गाउँपालिकाका प्रमुख नवराज ओझाका अनुसार यस पदमार्ग क्षेत्रको प्रवर्द्धन र विकासमा रुपा गाउँपालिकाले जोड दिएको छ। गाउँपालिकाले रुपातालको छेउबाट हात्तीमैतासम्म छ किलोमिटर सिँढीबाटो निर्माण गरेको उहाँले जानकारी दिनुभयो।

पदयात्रासँगै धवलागिरि, अन्नपूर्ण हिमशृङ्खला आदिको रमणीय दृश्य एकसाथ अवलोकन गर्न सकिने यहाँबाट बेगनास, रुपा हुँदै फेवाताल, पोखरा तथा लेखनाथका दृश्यमा पर्यटक लोभिने गरेका छन् । तत्कालीन द्वन्द्वकालीन समयमा यो पदमार्ग सुनसान बनेको यहाँका स्थानीयवासी बताउँछन्। द्वन्द्वपछिका अवस्थामा पनि देशको राजनीतिक अस्थिरता, कोभिडको महामारी आदिले प्रभावित बनेको यहाँको पदयात्रा पर्यटनलाई बढाउने कुरामा गाउँपालिकाले सक्रियता देखाएको छ । रोयल ट्रेकको महत्त्वलाई उजागर गर्दै पर्यटकको आगमन बढाउन सकिएमा यहाँका स्थानीय उत्पादनले बजार पाउने र होटल तथा अन्य व्यवसायले गति लिने अपेक्षा गरिएको स्थानीय समाजसेवी एवं ध्रुवतारा युवा क्लबका अध्यक्ष त्रिविक्रम केसीले बताउनुभयो।

यहाँको पर्यटकीय सम्भावना देखेर युवाहरूको सक्रियतामा हात्तीमैता भ्यूटावर रेष्टुरेन्ट एन्ड होमस्टे सञ्चालनमा ल्याइएको उहाँले जानकारी दिनुभयो। समुद्री सतहबाट एक हजार तीन सय ५० मिटर उचाइ रहेको हात्तीमत्ता भ्यूटावर रहेको स्थानमा टेन्टमा प्रत्येक रात १५ जनासम्म बस्न सक्ने व्यवस्था मिलाइएको र होमस्टेमा अरु १५ बस्न सक्ने व्यवस्था छ। “पदयात्राका लागि आउने पर्यटकलाई गाइडको व्यवस्थासँगै विभिन्न तालिम तथा सेमिनारका लागि हलको पनि व्यवस्था गरेका छौँ”, उहाँले भन्नुभयो, “वनभोजका लागि आउने पर्यटकका लागि एक सय जना क्षमताको वनभोजस्थलको व्यवस्था पनि छ ।” ‘भ्यूटावर’ नजिकै मल्लकालीन समयदेखि पूजाआजा हुँदै आएको कालभैरव मन्दिर यहाँको अर्को धार्मिक महत्त्वको स्थल हो । मनले चिताएको पुग्ने विश्वासका कारण मन्दिरमा टाढा-टाढाबाट दर्शनार्थीहरू आउने गरेको स्थानीयवासी रमेश गुरुङले बताउनुभयो । मन्दिरमा प्रत्येक वर्षको बडादशैँ र चैतेदशैँमा विशेष पूजाआजा हुने उहाँले जानकारी दिनुभयो । ‘रोयल ट्रेक’को ऐतिहासिकता र महत्त्वलाई उजागर गर्न सकिएमा पर्यटनबाट यस क्षेत्रको समृद्धि हासिल गर्न सकिने उहाँको भनाइ छ।

# खहरेखोल्सा झोलुङ्गे पुल : स्थानीयवासीको दिनचर्या सहज बनाउँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार



कास्कीको माछापुच्छ्रे गाउँपालिका-३ घाचोकमा निर्माण गरिएको झोलुङ्गे पुलले स्थानीयवासीको दिनचर्या सहज बनाएको छ।

घाचोकको भुजेलथर खहरेखोल्सा खोलामाथि ६७ मिटर लामो झोलुङ्गे पुल निर्माणसँगै वारपारका लागि स्थानीयवासीको समय बचत भएको छ।

पुल नहुँदा दुई गाउँ वारपार गर्न २० मिनेट समय लाग्ने गरेकामा अहिले एक मिनेटमै वारपार गर्न सकिन्छ। पुलले घाचोकका एक सय ९१ घरधुरीसहित नौ सय ५५ नागरिक प्रत्यक्ष लाभान्वित भएका छन् । निर्माण उपभोक्ता समितिका अध्यक्ष कमलबहादुर भुजेलले झोलुङ्गे पुल बनेसँगै स्थानीयलाई धेरै नै सहज भएको बताउनुभयो । उहाँले भिरको अप्ठ्यारो बाटो हुँदै खहरे तरेर वारपार गर्ने गरिएकामा पुल निर्माणसँगै स्थानीय वासीको दैनिकी सहज भएको बताउनुभयो । उहाँले भन्नुभयो, “वारपार गर्न खहरेखोलामा अप्ठ्यारो बाटो झरेर आउने जाने गर्नुपर्थ्यो । समय धेरै लाग्थ्यो । अब भने मेलापात र घाँस दाउरा गर्न, विद्यार्थीलाई विद्यालय जान र स्वास्थ्यचौकीसम्म पुग्न सहज भएको छ । पुलका वारिपारि दुवैतिरका नागरिक लाभान्वित भएका छन् ।” नेपाल सरकार झोलुङ्गेपुलक्षेत्रगतकार्यक्रमअन्तर्गत स्वीस सरकारको प्राविधिक सहयोग, प्रादेशिक/प्राविधिक सहयोग प्रदायक संस्था पिटीएसयु/पिटिएपी पोखरा, स्थानीय उपभोक्ता र नौलो घुम्ती नेपालको गरी रु ३६ लाख ५८ हजार सात सय १० लागतमा पुल निर्माण गरिएको हो।

पुल निर्माणका लागि झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको रु २३ लाख २५ हजार नौ सय २०, टिबिएसयुको रु सात लाख ८६ हजार सात सय ७६, गाउँपालिकाको रु चार लाख ७० हजार एक सय ७३, जनश्रमदान रु ७५ हजार आठ सय ४० लगानी भएको छ।

पुल निर्माणका लागि विसं २०७७ माघ २७ गते सम्झौता भएर विसं २०८० असार १६ गते निर्माण सम्पन्न भएको हो। झोलुङ्गे पुलको शनिबार गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङले एक कार्यक्रमकाबीच शुभारम्भ गर्नुभयो । सो अवसरमा उहाँले विकट गाउँलाई सहज बनाउनका लागि सम्भव हुने स्थानमा पुल निर्माण गर्ने पालिकाको योजना रहेको बताउनुभयो । पुल बनाउनका लागि निःशुल्क जग्गादान गर्नुहुने जग्गादाता दलबहादुर भुजेल (बायाँ किनारा) र भीमकुमारी लम्साल/जगतबहादुर शाही (दायाँ किनारा)लाई सम्मान गरिएको थियो। पछिल्लो समय नेपाल सरकार झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमबाट जिल्लाका दुर्गम तथा विकट बस्तीमा धमाधम पुल निर्माण भइरहेका छन् । यसबाट विकट गाउँका नागरिकलाई लाभ पुगेको छ।

# भारत सरकारद्वारा एम्बुलेन्स र स्कुल बस प्रदान

**रासस**
काठमाडौं, ३१ असार

काठमाडौँस्थित भारतीय राजदूतावासले नेपालका विभिन्न जिल्लाका स्वास्थ्य र शिक्षा क्षेत्रमा काम गर्ने सङ्घसंस्थालाई ३४ वटा एम्बुलेन्स र ५० स्कुल बस उपहारस्वरुप प्रदान गरेको छ । आइतबार यहाँ आयोजित एक कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईको उपस्थितिमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले एम्बुलेन्स र स्कुल बसको चाबी हस्तान्तरण गर्नुभएको सो दूतावासद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

नेपालको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको भारत सरकारले सन् १९९४ देखि भारतको स्वतन्त्रता दिवस र गणतन्त्र दिवसका अवसरमा नेपालका विभिन्न क्षेत्रका लाभग्राही संस्थालाई एम्बुलेन्स तथा स्कुल बस उपहारस्वरुप प्रदान गर्दै आएको छ। त्यस अवसरमा मन्त्री राईले भारत सरकारको सहयोगमा नेपालमा जारी विकास परियोजनाको सराहना गर्नुभयो । उहाँले ती परियोजनाले दुई देशबीचको जनताजनताबीचको सम्पर्क र द्विपक्षीय सम्बन्धलाई निरन्तर सुदृढ बनाउँदै लैजाने बताउनुभयो । राजदूत श्रीवास्तवले उक्त एम्बुलेन्स तथा स्कुल बस नेपालको स्वास्थ्य तथा शिक्षाका क्षेत्रमा गरिएको सहयोग हो भन्दै यो कार्यक्रम भारत र नेपालबीचको विकास साझेदारीकै एक अंशका रुपमा रहेको जानकारी दिनुभयो।

यस कार्यक्रमअन्तर्गत सन् १९९४ यता भारतले नेपालका विभिन्न जिल्लामा रहेका विभिन्न सङ्घसंस्थालाई नौ सय ७४ वटा एम्बुलेन्स र दुई सय ३४ स्कुल बस उपहारस्वरुप उपलब्ध गराइसकेको सो विज्ञप्तिमा उल्लेख छ।

# श्रमिकको न्यूनतम पारिश्रमिक बढाउन ज्ञापनपत्र

**रासस**
काठमाडौं, ३१ असार

नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल ट्रेड युनियन कांग्रेसले श्रमिकको न्यूनतम पारिश्रमिक बढाउन माग गर्दै श्रममन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ।

नेपाल ट्रेड युनियन कांग्रेसका केन्द्रीय अध्यक्ष योगेन्द्रकुमार कुँवरको नेतृत्वमा आज श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरद् सिंह भण्डारीलाई भेटेर आकासिँदो महङ्गीका कारण श्रमिकको दैनिक जीवनयापनमा समस्या भएको भन्दै न्यूनतम पारिश्रमिक वृद्धि गर्न माग गरेको हो। युनियनका केन्द्रीय महासचिव अजयकुमार राईले श्रमिकको जीवनयापन सहजताका लागि हाल दिइँदै आएको न्यूनतम पारिश्रमिक रु १५ हजारलाई बढाएर रु २५ हजार पुऱ्याउन मन्त्रीसमक्ष माग गरिएको जानकारी दिनुभयो । नेपाल ट्रेड युनियन कांग्रेसले अनौपचारिक र उत्पादन क्षेत्रमा संलग्न लाखौँ श्रमिकलाई बजार मूल्य वृद्धिको दाँजोमा अव्यावहारिक र अपुग पारिश्रमिक निर्धारणले उत्पादकत्व वृद्धि र देश समृद्ध बन्न नसक्ने बताएको छ । भेटमा श्रममन्त्री भण्डारीसमक्ष श्रम आयोग गठन गर्नुपर्ने, निर्माण तहमा श्रमिकको प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने, योगदानमा आधारित सामाजिक सुरक्षा अनिवार्य लागू गर्नुपर्ने, स्थानीय तहमा श्रमिकको पञ्जीकरण गर्नुपर्ने लगायतको माग गरिएको छ । भेटमा श्रममन्त्री भण्डारीले बजारभाउ र रोजगारदाताको अवस्था हेरेर न्यूनतम पारिश्रमिकलाई अगाडि बढाउने बताउनुभएको थियो। उहाँले आफ्नो कार्यकालमा न्यूनतम पारिश्रमिक अगाडि बढाउनका लागि अगाडि बढ्ने स्पष्ट पार्नुभयो । “श्रमिकले उठाएका मागलाई मेरो कार्यकालमा वैज्ञानिक ढङ्गले टुङ्ग्याउन लाग्नेछु”, उहाँले भन्नुभयो। नेपाल ट्रेड युनियन कांग्रेसले यही असार २७ गते ‘श्रमिकको न्यूनतम पारिश्रमिक रु २५ हजार निर्धारण गर’ ब्यहोराको एसएमएस प्रधानमन्त्री, श्रममन्त्री र सचिवलाई पठाएको थियो।

# ग्रामीण

आउने पर्यटकका लागि एक सय जना क्षमताको वनभोजस्थलको व्यवस्था पनि छ ।” रुपाताल, झोलुङ्गेपुल, भङ्गरा, जमनकुना, रुपाकोट रिसोर्ट हुँदै हात्तीमैता भ्यूटावरमा सम्मको पदयात्रालाई बाह्रै महिना सञ्चालनमा ल्याउनको लागि हात्तीमैताचोकबाट पक्की सिँडी निर्माण गर्नुका साथै नेपालकै विशाल गणेशको मुर्ति प्रतिस्थापन गर्न योजना रहेको क्लवका अध्यक्ष केसीले बताए। रोयल ट्रेकको महत्त्वलाई उजागर गर्दै पर्यटकको आगमन बढाउन सकिएमा यहाँका स्थानीय उत्पादनले बजार पाउने र होटल तथा अन्य व्यवसायले गति लिने अपेक्षा गरिएको छ,” अध्यक्ष केसीले भने । उनका अनुसार स्थानिय सरकार र क्लवको सहकार्यमा भिरचोक गाउँ मात्र नभएर पुरै रुपा गाउँपालिकाको पर्यटनलाई प्रवद्धन गर्ने अभियानमा लागेका बताए । ‘भ्यूटावर’ नजिकै मल्लकालीन समयदेखि पूजाआजा हुँदै आएको कालभैरव मन्दिर यहाँको अर्को धार्मिक महत्त्वको स्थल हो । मनले चिताएको पुग्ने विश्वासका कारण मन्दिरमा टाढा-टाढाबाट दर्शनार्थीहरू आउने गर्दछन् । मन्दिरमा प्रत्येक वर्षको बडादशैँ र चैतेदशैँमा विशेष पूजाआजा हुने गरेको छ । प्रत्येक महिनाको अन्तिम शनिबार आयोजना गर्ने पदयात्रामा पोखरामा रही विभिन्न सेवा, पेशा र व्यवसायमा आबद्ध व्यक्तिहरु समावेश हुन्छन्। “सुरुका दिनमा केहि सिमित साथीभाई मात्रै पदयात्रामा समावेश हुन्थ्यौ, मान्छेले विस्तारै पदयात्राको महत्व बुज्दै गएका छन् ,अहिले क्लवको आकार बढेको छ,” हाईकर्स क्लवका सह(संयोजक प्रितम सेन ठकुरीले भने,“अव यसलाई वैधानिक रुपमा दर्ता गरेर अझै सहज बनाउने योजनामा छौ ।” स्थापनाकालदेखि प्रदेशभित्रका विभिन्न पर्यटकिय स्थलहरुलाई मुख्य गन्तव्य बनाउदै एकदिनका लागि गरिएको पैदलयात्रामा समावेश हुनका लागि सहभागीहरुले ७ सय ५० शुल्क उठाउछन्।

# ललिता


प्रहरीले अनुसन्धान गरिरहेको छ।

विसं २०४९ देखि २०६९ को अवधिमा सरकारका नाममा रहेको बालुवाटारस्थित ललिता निवासको एक सय ४३ रोपनी जग्गा हिनामिना भएको थियो । यसअघि सिआइबीले अनुसन्धान सकेर तीन सय जनाविरुद्ध मुद्दा चलाउनुपर्ने रायसहितको प्रतिवेदन बुझाएको थियो । तर सरकारी वकिलको कार्यालयले थप अनुसन्धान गर्नुपर्ने भन्दै प्रतिवेदन फिर्ता गरेको थियो । त्यसपछि अहिले पुनः सिआइबीले अनुसन्धान थालेको हो । आरोपीमध्ये १७ जनाले थुनाबाहिर राखेर अनुसन्धान गर्नुपर्ने गरी सर्वोच्चबाट अन्तरिम आदेश ल्याएपछि सिआइबीले त्यसको खारेजीको मागसहित भ्याकेट निवेदन दिएको छ । केही आरोपीहरूले भने बन्दीप्रत्यक्षीकरणको रिट दिएका छन्।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (वाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# अब अनेरास्वविय‍ु कास्कीको परिकल्पना

रवि क्षेत्री

विद्यार्थी नेता भनेको माउ संगठनका नेताका पछुवामात्र होइनन्, नेतालाई पनि सही बाटोमा डोऱ्याउने ल्याकत राख्नुपर्छ । गलतलाई दरिलो खुट्टा टेकेर गलत नै भन्न सक्नुपर्छ । परिवर्तनको सुरुवात यही विन्दुबाट हुनुपर्छ ।

नेपाली विद्यार्थी आन्दोलनमा नेतृत्वदायी भूमिका खेलेको संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्वविय‍ु) कास्की आफ्नो २३ औं जिल्ला अधिवेशनको संघारमा छ । साउनको ५ र ६ गते पोखरामै हुन लागेको सम्मेलनको तयारीमा विद्यार्थी साथी जुटिसकेका छन् ।

प्रविधिले गर्दा समाज चेतनशील भइसकेको छ । कसले कस्तो गतिविधि गरिरहेको छ भन्ने विद्यार्थी, उनीहरुका अभिभावकले पनि नियालिरहेका हुन्छन् । अब विद्यार्थीलाई अध्यक्ष, उपाध्यक्ष, सचिव बनेरमात्र बस्ने र काम नगर्ने छुट छैन । शैक्षिक क्यालेन्डरअनुसार नहुने, विद्यार्थी भर्नामा विद्यालयको मनपरी, परिचयपत्र छुट नदिनेजस्ता थुप्रो समस्या छन् । अब यस्ता समस्या समाधानमा अनेरास्वविय‍ुमात्र होइन सबै विद्यार्थी संगठन एकजुट हुनुपर्छ । विद्यार्थी नेता भनेको माउ संगठनका नेताका पछुवामात्र होइनन्, नेतालाई पनि सही बाटोमा डोऱ्याउने ल्याकत राख्नुपर्छ । गलतलाई दरिलो खुट्टा टेकेर गलत नै भन्न सक्नुपर्छ । परिवर्तनको सुरुवात यही विन्दुबाट हुनुपर्छ ।

**पृष्ठभूमि**

२०७० साल साउन २४ मा अनेरास्वविय‍ुको २२ औं जिल्ला अधिवेशनमार्फत क. विवेक देवकोटाको नेतृत्वमा ४१ सदस्यीय जिल्ला कमिटी गठन भएको थियो । पार्टी एकता, टुटफुटलगायत कारणले अधिवेशन हुन सकेको थिएन । नेकपा एमाले र माओवादी पार्टी एकता भएपछि अनेरास्वविय‍ु पार्टीजस्तै रुमलिन पुग्यो । तत्कालीन नेकपाको आन्तरिक द्वन्द्वले गर्दा पुनः दुई नेकपा (एमाले)र नेकपा (माओवादी केन्द्र) बिउँतियो । वि.स. २०७८ माघ ११ मा क. विवेक देवकोटा नेतृत्वमा अनेरास्वविय‍ु जिल्ला कमिटी कास्कीको बृहत भेलाबाट क. विजय पौडेल नेतृत्वमा अनेरास्वविय‍ु जिल्ला कमिटी आयोजक कमिटी गठन सँग-सँगै जिल्लाका पालिका कमिटी, क्याम्पस कमिटी सबैमा आयोजक कमिटी निर्माण गरि संगठन विस्तार भयो । २०७८ सालपछि पनि अनेरास्वविय‍ु कास्कीको जिल्ला सम्मेलन गर्ने चर्चा त चल्यो तर विविध कारणले हुन सकेन । क. विजय पौडेल आफ्नो करिब २ वर्ष कार्यकाल सकेपछि क. सन्तोष पोखरेल नेतृत्वमा अनेरास्वविय‍ु कास्की जिल्ला कमिटी गठन भयो । २३ औं सम्मेलनबाट आउने नेतृत्व कस्तो बन्ने र कस्ता-कस्ता कार्यक्रम तय गर्ने नै अहिलेको प्रमुख सवाल हो । अनेरास्वविय‍ुको २३ औं जिल्ला कमिटीले सांगठनिक रुपमा चुस्त दुरुस्त कमिटी निर्माण गर्नुपर्छ । विद्यार्थी आन्दोलनमा देखिएको एउटा प्रमुख समस्या विद्यार्थीहीन विद्यार्थी आन्दोलनलाई सम्बोधन गर्ने गरि कमिटी निर्माण गरिनुपर्छ ।

अनेरास्वविय‍ु राजनीतिक नेतृत्व विकासको कारखाना हो । तसर्थ, अनेरास्वविय‍ु कास्कीले सम्पूर्ण क्षेत्र र विषय अध्ययन गर्ने विद्यार्थीहरु समेट्ने गरि वर्तमान परिवेशको माग अनुरुप संगठन निर्माण गर्नुपर्छ । समावेशी र सहभागितामूलक कमिटी गठन गर्न सके मात्र अहिलेको विद्यार्थी आन्दोलनको मुद्दाहरु सम्बोधन हुन सक्छन् । अनेरास्वविय‍ु कास्कीको २३ औँ सम्मेलबाट निर्वाचित हुने कमिटीले आफ्नो मुख्य ध्यान विद्यार्थी आन्दोलनलाई थप वैचारिक र व्यावहारिक बनाउन लगाउनुपर्छ । विद्यार्थी संगठनहरुको नेता संगठन अनेरास्वविय‍ु आफ्नो मुद्दाप्रति इमान्दर बनेर सत्ताको सदैव प्रतिपक्षी संगठनको रुपमा रहेको छविलाई आलोचनात्मक चेतको विकास र सिर्जनात्मक सुझावका माध्यमबाट थप परिस्कृत बनाउनुपर्छ । अबको अखिल हरेक बिषयमा प्रश्न गर्न सक्ने, कार्यकर्ता, नेता उत्पादनमा लाग्नुपर्छ । समाजमा रहेका तमाम बेथिति, विकृतिको सम्बोधन गर्ने सरल उपाय भनेको प्रश्न गर्ने बानीको विकास गर्नु हो । अनेरास्वविय‍ु कास्कीले प्रश्न गर्ने बानीको विकास गर्न प्रशिक्षण दिनेदेखि वैचारिक रुपमा यस्ता गतिविधिमा लाग्ने कार्यक्रम २१ औं सम्मेलनबाट पारित गर्नुपर्छ ।

**के गर्न सकिन्छ ?**

विद्यार्थी अधिकारको सवाल : अनेरास्वविय‍ु कास्कीले विद्यार्थी वर्गको हितको लागि के कस्ता कदम चाल्ने भन्ने विषय आजको प्रमुख प्राथमिकताको विषय हो । नेपालको संविधान २०७२ मा रहेको शिक्षासम्बन्धी नैसर्गिक अधिकारको पूर्ण कार्यान्वयनमा के-के कदम चाल्ने र अनेरास्वविय‍ुको आन्दोलनबाट स्थापित अधिकारको कार्यान्वयनको विषयमा ठोस निर्णय गर्नुपर्छ । सार्वजनिक सवारीमा विद्यार्थीले परिचयपत्र देखाएबापत ४५ प्रतिशत छुट पाउँछन् । यसको कार्यान्वयनमा अझ गम्भीर हुनुपर्छ ।

**शिक्षामा सुधार** : शिक्षामा सुधार ल्याउन के कस्ता कदम चाल्ने भन्ने बिषयमा अबको कास्कीको अनेरास्वविय‍ु थप प्रष्ट हुनुपर्छ । जस्तैः परिष्कृत पाठ्यक्रम, शिक्षक तालिम, विद्यालय विकास र पठन विधिको आधुनिकीकरणमा अनेरास्वविय‍ु कास्कीको विशेष भूमिका रहनुपर्छ । अहिलेको शिक्षा व्यावहारिक नभई प्रमाणपत्रका लागि मात्र प्रयोगमा छ । यो सुधार गर्न आवाज उठाउनुपर्छ । मावि तहसम्म निशुल्क शिक्षा पाउनुपर्ने अधिकार पनि छ । तर, त्यो कार्यान्वयनमा छैन । यसलाई कार्यान्वयन गर्न सरकारलाई दबाब दिने गरी आन्दालेनलाई सशक्त बनाउनुपर्छ ।

कास्की गण्डकी प्रदेशमात्र होइन, देशभरका विद्यार्थीको शैक्षिक केन्द्र हो । मनाङ, मुस्ताङ, पर्वत, बाग्लुङ, रुकुम, रोल्पा, पूर्वदेखि पश्चिमसम्मका विद्यार्थी पढ्न पोखरा आउँछन् । गण्डकी विश्ववद्यालय, पोखरा विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पससहित अन्य शैक्षिक संस्थामा पढ्न आउँदा कोठा भाडामा लिएर बस्नुपर्छ । आफैं रोजगारी नभएका र घरबाट लगानी भएर पढिरहेकाले चर्को कोठा भाडा तिनुपर्ने अवस्था छ । विद्यार्थीलाई थोरै भए पनि घर भाडामा सहुलियत दिने वातावरण बनाउन सके देशभरकै नमूना काम हुनेछ ।

**युवा सशक्तिकरण** : अनेरास्वविय‍ु कास्कीका युवाहरूलाई सशक्त बनाउन, सामाजिक, राजनीतिक र आर्थिक मुद्दामा उनीहरूको सक्रियतामा उत्कृष्ट भूमिका खेल्ने कार्यक्रम ल्याउनुपर्छ । युवाहरूको नेतृत्व कौशलहरूलाई कसरी बढाउन सकिन्छ र उनीहरूलाई सक्रियतापूर्वक अवसर प्रदान गर्न सकिन्छ यी र यस्ता तमाम् विषयमा आफ्नो प्रष्ट दृष्टिकोणसहित अगाडि आउनुपर्छ । अहिले 'पढ्दै कमाउँदै' कार्यक्रम संघ र प्रदेश सरकारका नीतिमा समेटिएका छन् । तर, यसको कार्यान्वयनको अवस्था कस्तो छ भन्नेमा विद्यार्थी संगठनले चासो दिनुपर्छ । शिक्षामा देखिएको वर्गीय खाडललाई तोडेर समान रुपमा शिक्षा हासिल गर्न सक्ने अवस्थाको निर्माण गर्न भूमिका खेल्नुपर्छ । सामाजिक न्याय र शैक्षिक समानताको मुद्दा अझ सशक्त बन्नुपर्छ ।

**रोजगार र उद्यमशिलता** :

अनेरास्वविय‍ु कास्कीले विद्यार्थीलाई कसरी रोजगार र उद्यमशिलतामा जोड्ने भन्ने विषयमा बहस गर्नुपर्छ र निकास दिनुपर्छ । देशमा देखिएको शैक्षिक बेरोजगारीलाई सम्बोधन गर्न र विद्यार्थी पलायन रोक्न अनेरास्वविय‍ु कास्कीले समाधानसहितको सुझाव लिएर सरोकारवाला निकायसँग समन्वय गर्नुपर्छ, निकास दिनुपर्छ । विद्यार्थी संगठनले कसैलाई रोजगारी दिने अवस्था त हुँदैन । तर, काम गर्छु भन्नेलाई तालिम दिने, उत्प्रेरणा थप्ने गतिविधि गर्न सकिन्छ ।

काठमाडौंमा अहिले 'बुक फ्री फ्राइडे' अभियान चल्तीमा छ । त्यसलाई पछ्याउँदै पोखरा महानगरपालिकाले पनि आफ्नो नीतिमा सोही अभियानलाई समेटेको छ । कास्कीमा पनि शुक्रबार पढाइबाहेक व्यावहारिक र जीवनउपयोगी शिक्षामा संगठनले पहल गर्दा उचित हुन्छ ।

**विद्यार्थी आन्दोलन** : अनेरास्वविय‍ु कास्कीले विद्यार्थी आन्दोलनमा तमाम विद्यार्थीलाई सहभागिताको प्रोत्साहन दिने र सामाजिक, राजनीतिक मुद्दामा सक्रियतापूर्वक लाग्न जागरुक भएर लाग्नुपर्छ । विद्यार्थीहरूलाई न्यायपूर्ण प्रदर्शन वा अभियानमा सहभागी बन्न प्रेरित गर्ने कार्यभार



अनेरास्वविय‍ु कास्कीले पुरा गर्नुपर्छ । जस्तैः विद्यालय, क्याम्पसमा केही समस्या भएमा सुरुमा त्यहीँका विद्यार्थीले आवाज उठाउन सक्ने गरी मनोबल विकास गर्ने वातावरण गर्नुपर्छ ।

**विद्यार्थीको स्वास्थ्य** : विद्यार्थीहरुको शारीरिक र मानसिक सुधार गर्ने उपायको विषयमा कार्यक्रम ल्याउनु पर्छ । विद्यार्थीको निशुल्क स्वास्थ बीमा अनेरास्वविय‍ु कास्कीको मुद्दा बन्नुपर्छ । कुनै विद्यालयले वार्षिक क्यालेन्डरमा खेल गतिविधिलाई नसमेटेका हुन सक्छन् । त्यस्तो थाहा पाएमा विद्यालयलाई त्यसका लागि दबाब दिनुपर्छ । हरेक हप्ता खेलकुद गतिविधि गराउन पनि संगठनले विद्यालयलाई झक्झकाउनु पर्छ ।

**पर्यावरणीय संरक्षण** : अनेरास्वविय‍ु कास्कीले विद्यालय, क्याम्पस र समुदायमा पर्यावरणीय जागरुकता, संरक्षणको विषयमा अभियान चलाउनु पर्छ । संगठनले 'एक कार्यक्रम, एक वृक्षारोपण' अभियान चलाएर कुनै कार्यक्रम गर्नुअघि एउटा वृक्ष रोप्ने, संरक्षण गर्ने गर्नुपर्छ । वार्षिक कम्तीमा २० वटा कार्यक्रम भए भने २० वटा वृक्ष रोपिन्छन् । संगठनले हप्ता दिन, १५ दिन वा एक महिनामा कास्कीको कुनै एउटा खोला, ताल, सडक सरसफाइ अभियान पनि चलाउन सक्छ । यस्ता गतिविधि सृजनात्मक र प्रशंसायोग्य हुन्छन् ।

**सहज यातायातमा पहल** : पोखरा महानगरका ग्रामीण भेग, रुपा, मादी, माछापुच्छे अन्नपूर्ण गाउँपालिकाबाट बिहानी सत्रमा पोखरा पढ्नेहरु छन् । बिहानै सार्वजनिक यातायातको सुविधा नहुने भएकाले परिवारबाट अलग बसेर, थप व्ययभार बोक्नु परेको छ । बिहान ५ बजे नै यातायात सुविधा भएपछि बिहानी सत्र पढ्न घरबाटै आउन भ्याउनेलाई लाभ मिल्छ । यसमा बस व्यवसायी, पालिकासँग समन्वय गरेर बिहानै बस सञ्चालनको व्यवस्था गर्न सक्दा राम्रो हुन्छ ।

-पूर्व अनेरास्वविय‍ु मादी गाउँ पालिका अध्यक्ष तथा जिल्ला कमिटी सचिवालय सदस्य, कास्की

# असार सकिँदा गोरखामा ५० प्रतिशतमात्र रोपाइँ

पोखरापत्र संवाददाता
गोरखा, ३१ असार

असारको महिना सकिनै लाग्दा गोरखा जिल्लामा अहिलेसम्म ५० प्रतिशतमात्र रोपाइँ सकिएको छ । अघिल्ला वर्षमा यतिबेला झन्डै ७० प्रतिशत क्षेत्रफलमा रोपाइँ सकिने गरेको भए पनि जिल्लामा यस वर्ष भने रोपाइँ गर्न ढिलाइ भएको कृषिज्ञान केन्द्र गोरखाका प्रमुख परशुराम अधिकारीले बताउनुभयो ।

आकाशे पानीको भर पर्नुपर्ने बाध्यताका कारण मनसुन भित्रिए पनि पर्याप्त पानी नपरेका कारण रोपाइँ गर्न ढिलाइ भएको उहाँको भनाइ छ । "यस पटक मनसुन ढिलो गरी सुरु भएको छ, मनसुन सुरु भए पनि वर्षा कम हुँदा मूल फुट्न सकेको छैन", उहाँले भन्नुभयो, "पानी नपरेपछि जिल्लाभित्रका टारी खेतमा रोपाइँ हुन सकेको छैन ।"

एघार हजार दुई सय ६६ हेक्टर क्षेत्रफल जमिनमा धान खेती हुने गरेको भए पनि असारको अन्तिम सातासम्ममा यसपालि करिब छ हजार क्षेत्रफल जमिनमा मात्र रोपाइँ सकिएको प्रमुख अधिकारी बताउनुभयो । अहिलेसम्म दरौदी फाँटहरूमा रोपाइँ धेरै भएको उहाँले बताउनुभयो । "कुलो तथा सिँचाइको सुविधा भएका फाँट तथा खेतहरूमा भने रोपाइँ लगभग सकिएको छ", प्रमुख अधिकारीले भन्नुभयो, "त्यस बाहेकका क्षेत्रका किसानहरू रोपाइँका लागि आकाशेपानी कुर्नुपर्ने बाध्यता छ ।"

पानी नपरेपछि रोपाइँ गर्न ढिलाइ भएको ज्यादुर फाँटका किसान वसन्त न्यौपाने बताउनुहुन्छ । "आकाशे पानीको आवश्यकता नपर्ने ठाउँमा रोपाइँ गरेर भ्याइसकिएको छ", उहाँले भन्नुभयो, "आकाशे पानीको भर पर्नुपर्ने बाध्यता रहेकाले यसपालि ज्यादुर फाँटमा अहिलेसम्म रोपाइँ गर्न सकिएको छैन, गत वर्ष यति नै बेला फाँटमा रोपाइँ सकिएको हुन्थ्यो ।" पानी नपरेपछि रोपाइँ कहिले गर्ने भन्ने टुङ्गो नभएको न्यौपानेको भनाइ छ ।

भुसुण्डे फाँटका अर्का किसान बलबहादुर कुमाल पनि खेतमा रोपाइँ गर्न नपाएर चिन्तामा हुनुहुन्छ । "वर्षभरि सिङ्गो परिवारले पेट पाल्ने यही खेतको उब्जनीबाट हो", उहाँले भन्नुभयो, "अहिलेसम्म पानी नपर्दा रोपाइँ गर्न पाइने हो कि नपाइने हो भनेर पिर पर्न थालेको छ ।" गोरखा जिल्लाभित्र छेपेटार, भुसुण्डे फाँट, ज्यादुर खोला, आरुघाट, ध्यालचोक, सिरानचोक र ध्याम्पेसाललगायतका स्थान धान खेती हुने क्षेत्र रहेको कृषि ज्ञानकेन्द्र गोरखाका कृषि अधिकृत प्रमोद गैरेले जानकारी दिनुभयो ।

# पर्वतका ४० प्रतिशत पिउने पानीमा इ.कोली

पोखरापत्र संवाददाता
पर्वत, ३१ असार

पर्वतमा रहेका पानीका मुहानमध्ये ४० प्रतिशतमा दिसामा हुने जीवाणु 'इ.कोली' को मात्रा उच्च रहेको पाइएको छ ।

जिल्लाका सात स्थानीय तहमा पुगेर नमूनाका रूपमा लिइएका मुहानका पानी परीक्षण गर्दा ४० प्रतिशतभन्दा बढी मुहानको पानीमा इ.कोली र कोलीफर्म रहेको पाइएको स्वास्थ्य कार्यालय पर्वतका निमित्त प्रमुख सन्तोष पौडेलले जानकारी दिनुभयो । यो नतिजाले जिल्लाका अधिकांश नागरिकले दूषित पानी पिउने गरेको र यसले उनीहरूको स्वास्थ्यमा असर गरिरहेको उहाँको भनाइ छ । स्वास्थ्य कार्यालय पर्वतले आज खानेपानी गुणस्तरसम्बन्धी सरोकारवाला निकाय माझ उक्त नतिजा सार्वजनिक गरेको हो ।

"इ.कोलीको कारण झाडापखाला, हैजा, भाइरल ज्वरो र रुघाखोकीलगायत महामारीजन्य रोगको सङ्क्रमण हुने खतरा बढेको छ । यसले मानवीय स्वास्थ्यमा प्रत्यक्ष असर गरिरहेको छ", उहाँले भन्नुभयो, "हिउँदको समयमा भन्दा वर्षातको समयमा इ.कोली बढी भेटिन्छ । वर्षाका कारण बगेर आएको पानीले पानीको स्रोतमा जमिनको सतहमा रहेको फोहरसहितको पानी मिसाउँछ । एक ठाउँको फोहर बगेर अर्को ठाउँमा जान्छ ।"

ल्याब टेक्निसियन दीपा केसीका अनुसार खाने पानीका स्रोतमा दिसामा पाइने उक्त जीवाणु उच्च मात्रामा रहेको पाइएको छ । उहाँका अनुसार कुस्मा नगरपालिकाभित्रका विभिन्न पाँच वटा आयोजनाबाट २० वटा नमूना सङ्कलन गरी परीक्षण गरिएकोमा आठ वटामा इ.कोली देखिएको छ भने बाँकी १२ वटा नमूनामा खान योग्य देखिएको छ ।

मोदीका नौ वटा आयोजनाको ३५ वटा नमूनामध्ये नौ वटामा इ.कोली भेटिएको छ भने बाँकी २६ वटा खान योग्य पाइएको छ । जलजला गाउँपालिकाका ७ वटा आयोजनाबाट २३ वटा नमुना सङ्कलन गरिएकोमा ७ वटा पानीको नमुनामा इ.कोली देखिएको छ भने बाँकी १६ वटा खान योग्य पाईएको छ । फलेवास नगरपालिका भित्रका विभिन्न १५ ठाउँमा रहेका पानीका स्रोतको परीक्षण गर्दा तीमध्येका आठ वटामा इ.कोली देखिएको छ भने बाँकी ७ वटा खान योग्य पाईएको छ । यसैगरी विहादी गाउँपालिका भित्रका १८ वटा श्रोतको पानी परीक्षण गर्दा १० वटामा इ.कोली देखिएको छ भने बाँकी ८ वटा खान योग्य पाईएको छ ।

पैयुँ गाउँपालिकामा पुगेर २७ वटा श्रोतको पानी परीक्षण गर्दा १५ वटामा इ.कोलीको मात्रा देखिएको छ भने बाँकी १२ वटा पिउन योग्य पाईएको केसीले बताउनुभयो । महाशिला गाउँपालिकाका १७ वटा श्रोतको पानी परिक्षण गर्दा सात वटामा इ.कोली भेटिएको छ भने बाँकी १० वटा श्रोतको पानी पिउन योग्य रहेको भेटिएको छ

झाडापखाला, हैजा, भाइरल ज्वरो र रुघाखोकीलगायत महामारीजन्य रोगको सङ्क्रमणबाट जोगिनका लागि पानीलाई शुद्धीकरण गर्नुपर्ने ल्याब टेक्निसियन केसीले बताउनुभयो । "इ.कोलीयुक्त पानी पिउँदा दिसाजन्य रोगहरूले महामारीको रूप लिन सक्ने पनि अवस्था आउँछ । यसबाट जोगिनको लागि उपभोक्ता स्वयंले पानीको शुद्धीकरणमा ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो, "यो बर्खाको बेलामा कोलीफर्म मात्र नभई अरू कारणले पनि पानी दूषित बनेको हुन्छ । यो जमिनमा भएको फोहर बाढीले बगाउँदै पिउने पानीमा मिसाएको हुन्छ । जसमा धेरै प्रकारका सङ्क्रमणको जोखिम रहेको हुन्छ । त्यसैले पानी राम्रोसँग उमालेर, फिल्टर गरेर वा अन्य उपाय अपनाएर शुद्ध बनाएर पिउनुपर्छ ।"

# महिलाले नाचे लोपोन्मुख 'पाउदुरे' नाच

-पूर्ण विके
तनहुँ, ३१ असार

तनहुँ :भानु जयन्तीका अवसरमा शुक्रबार भानु नगरपालिका-४ चुँदीरम्घामा आयोजित कार्यक्रममा २९ वर्षीया मनिषा र ४२ वर्षीया हीरा कुमालले लोपोन्मुख पाउदुरे नृत्यमा मारुनी बनेर तालमा ताल मिलाएर घन्टौं नाचे । पाउदुरे नाच पुरुषले महिला बनेर नाच्ने प्रचलन छ । तर गाउँमा पुरुष नहुँदा भानु नगरपालिका-४ कुमालगाउँका यी दुई महिला पाउदुरे नाच संरक्षणमा पछिल्लो पाँच वर्षदेखि अहोरात्र खटिएका छन् ।

"के गर्नु यस्तो पुरानो नाच त्यसै मर्न दिन मनले मानेन", पाउदुरे नाच्दै गर्नुभएकी मनिषाले भन्नुभयो, "त्यसैले गाउँका सबैलाई भेला गरी हामीलाई पनि नाच्न सिकाउनुस् हामी यो नाच बचाउँछौं भनेर संरक्षणमा कस्सियौं ।" शुक्रबार विभिन्न क्षेत्रबाट आउनुभएका पाहुनालाई देखाउन भनेरै आफूहरूले पाँच दिनअघिदेखि लगातार मेहनत गरेर पाउदुरे नाच्न सिकेको मनिषाले बताउनुभयो । पाँच वर्ष पहिले नाच सिक्ने क्रममा सुरुका दिनमा गाउँकै केही व्यक्तिले महिलाले पाउदुरे नाच्न हुँदैन भनेर असहमति जनाए पनि अहिले तिनै व्यक्तिले प्रशंसा गरेको देख्दा आनन्द लाग्ने गरेको हीराले बताउनुभयो । "पहिले नाच्न हुँदैन, अनिष्ट हुन्छ भन्नेहरू नै अहिले कति राम्रो ताल समातेको भनेर हौसला दिने गरेका छन्", उहाँले भन्नुभयो, "पाउदुरे नाच देखाउन भनेरै पाँच-सात स्थानमा पुगिसकेका छौं ।" आफूहरूले पाउदुरे नाच्न थालेपछि दिगोरूपमा संरक्षणका लागि आफूहरूले गाउँका अन्य साना बालबालिकालाई समेत नाच्न सिकाउँदै गरेको हीराको भनाइ छ । पाउदुरे जनजातिमाझ लोपोन्मुख नाच हो । विभिन्न जनजातिले आ-आफ्नो तवरले पाउदुरे नाच्दै आएको पाइन्छ । यो नाचमा विजबारे, मारुनी, मादले, गुरुलगायत आवश्यक पर्दछ । यो नाच पुरुषले गुन्यूचोली र गरगहना लगाएर महिलाजस्तै बनेर नाच्ने चलन छ । छेउमा नाच्ने दुई पुरुषलाई 'मारुनी' र बीचमा नाच्नेलाई 'बिजबारे' भनिन्छ । नाच्दा बिजबारेकै भावभङ्गी समातेर मारुनीले आफूलाई प्रस्तुत गर्नुपर्छ । गीत गाउने मुख्य व्यक्तिलाई 'गुरुबा' भन्ने चलन छ । गुरुबाले गीत गाउने र लहरै बसेका तीन जना मादलेलगायतले पनि गीतलाई होमा हो मिलाउने चलन छ । बेला- बेलामा ताल काट्दै मादलेसमेत नाच्ने भएकाले पाउदुरे हेर्दा रमाइलो हुने गर्छ । पाउदुरे नाच्दा चारै दिशाका देवीदेवतालाई सम्झने चलन छ । देवीदेवतासँग सबै जिवात्माको कल्याणको कामना गर्दै यो नाच नाचिन्छ । पैसट्ठी वर्षीय बाबुराम, सोमबहादुर कुमालले पाउदुरे नाच्दै आए पनि उनीहरूको स्वास्थ्य प्रतिकूल भएपछि विगत १२-१५ वर्षदेखि आफूले पाउदुरे नाच्न छाडेको ६२ वर्षीया भीमबहादुर कुमालले बताउनुभयो । बोलाएको ठाउँमा एकैपटक दुई-तीन घन्टा पनि नाच्नुपर्ने भएकाले नाच्न नसकेर छाडेको उहाँको भनाइ छ ।

"हामीले नाच्न छाडेपछि आठ-दश वर्ष नाच्ने मान्छे नै भएनन्", भीमबहादुरले भन्नुभयो, "अहिले महिलाहरू नाच्न कस्सिएपछि पुनः पाउदुरेको रौनक गाउँमा ह्वात्तै बढेको छ ।" मनिषा र हीराले पछिल्लो समय आफूलाई नाचेर साथ दिँदै आएकाले खुसी लागेको विगत ३५ वर्षदेखि बीचमा नाच्दै आउनुभएका (बिजबारे) ५८ वर्षीय लालबहादुर कुमालले बताउनुभयो । महिला पनि पुरुषले जस्तै घन्टौं खटिन सक्ने गुण देखेको उहाँले जानकारी दिनुभयो ।


## शिक्षक आवश्यकता

यस विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक धार बाली विज्ञान विषय अन्तर्गत माध्यमिक तह (कक्षा ११-१२)को अनुदान कोटामा रिक्त प्रशिक्षक पदमा करारमा नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्कीको मिति २०८०/०३/३१ को चलानी नं. १०६७ मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इन्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | ०९/०७९/८० | प्रशिक्षक | मा.वि. कक्षा (११-१२) | कृषि (बाली विज्ञान) | द्वितीय | १ | अस्थायी करार |

१, **शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा कम्तिमा एम.एस्सी.एजी उत्तीर्ण गरेको हुनुपर्ने ।**
२, **छनौटका आधारहरुः लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता ।**
३, **उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**
**निवेदन, न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रको छाँयाप्रति, नागरिकताको प्रमाणपत्रको छायाप्रति ।**
४, **दरखास्त दस्तुरः रु २०००।- तिरेको सक्कल रसिद ।**
५, **दरखास्त बुझाउने अन्तिम मिति तथा सम्पर्क मितिः २०८० साउन १४ गते कार्यालय समयभित्र ।**
६, **तलब स्केलः नेपाल सरकारको नियमानुसार ।**
७, **परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ ।**
**विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ ।**

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२०, भलाम, कास्की फोन नं. ०६१-६२१५६५**